का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ असोज २०८२
मंगलबार
23 September 2025
Tuesday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २३३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# नयाँ सरकारमा चिनिएकै अनुहार

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, ६ असोज

अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले दोस्रोपटक मन्त्रिपरिषद विस्तार गरेकी छन्। मन्त्रिपरिषद विस्तार क्रममा विभिन्न क्षेत्रमा लोकप्रियता कमाएका व्यक्तिहरू छानेकी छन् । सोमबार सरकारमा चार मन्त्री थपिँदा मन्त्रीमण्डल आठ सदस्यीय पुगेको छ। उनको क्याबिनेटमा पूर्वकर्मचारी, पूर्वन्यायाधीश र पत्रकार र सम्बन्धित क्षेत्रका विज्ञ र सामाजिक रूपमा लोकप्रिय अनुहार रोजाइमा परेका हुन्। कार्कीले मन्त्री छान्दा अधिकांश व्यक्तिहरू स्वच्छ र स्वतन्त्र छान्ने प्रयास गरेकी छन्। आइतबार उनले मन्त्रीमा सिफारिस पृष्ठ २ मा





## पूर्वन्यायाधीशलाई कानुनको बागडोर

कानुन र उद्योगमन्त्री सिन्हा कानुनी क्षेत्रमा काबिल मानिन्छन् । प्रशासनिक जागिरको समेत अनुभव सँगालेका उनले नेपाल ल क्याम्पसबाट २०३९ सालमा स्नातक उत्तीर्ण गरेपछि २०७३ सालसम्म निरन्तर वकालत गरे। २०३८ सालमा बिएल पास भएपछि उनले २०३९ सालमा पृष्ठ २ मा

## पत्रकारलाई सञ्चारको हटसिट

जगदीश खरेल इमेज टेलिभिजनका समाचार सम्पादक थिए । इमेज टेलिभिजनमा खरेलले चलाउने 'हट सिट' नामक कार्यक्रममार्फत उनी चार्चित पत्रकारको कित्तामा थिए । टेलिभिजनमार्फत लोकप्रिय बनेका खरेल धेरैको दर्शकको नजरमा थिए । मन्त्री बनेसँगै टेलिभिजनबाट पृष्ठ २ मा

## वैज्ञानिकलाई शिक्षा मन्त्रालय

कृषि औजार कारखाना सञ्चालनका लागि आफ्नो 'आत्मकथा' (पुस्तक) बेच्न देश दौडाहामा पुग्ने महावीर पुन सामाजिक सञ्जालमार्फत एक चर्चित अनुहार हो । उनी अन्तरिम सरकारको शिक्षा विज्ञान तथा प्रविधिमन्त्री बनेका छन्। २०११ साल माघ ९ गते म्याग्दीको नाडीमा जन्मेका पुनले पृष्ठ २ मा

## कृषिविज्ञलाई कृषिकै जिम्मा

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको जिम्मेवारी पाएका डा. मदनप्रसाद परियार कृषि क्षेत्रका स्थापित विज्ञका रूपमा चिनिएका व्यक्ति हुन् । सन् १९५१ अगस्ट २६ मा जन्मिएका परियारले सन् १९९४ मा थाइल्यान्डको एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीबाट वातावरण, स्रोत तथा पृष्ठ २ मा

# कर्मचारीतन्त्रमा जेनजी अभियान

## मुख्यसचिवसहित उच्च पदस्थलाई हट्न दबाब

राजनीतिक तथा प्रशासनिक नेतृत्वको अक्षमता, अकर्मण्यता, अदूरदर्शिता र गैरजिम्मेवारीपनका कारण जेनजी आन्दोलन हुनुपरेको बुझाइका आधारमा सचिव, संसदका महासचिव, सर्वोच्चका मुख्य रजिस्ट्रार र गृह सचिवलाई पनि हटाउनुपर्ने माग प्रशासन सुधार पक्षधरहरूको छ ।



**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ६ असोज

निजामती सेवासहित प्रशासनिक क्षेत्रका उच्चपदस्थ कर्मचारीलाई हट्न आन्तरिक दबाब परेको छ । नेपाल सरकारका मुख्य सचिव, संघीय संसदका महासचिव, सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार र गृह सचिवलगायतका जिम्मेवार पदाधिकारीले बदलिँदो परिस्थितिमा जिम्मेवारी छोड्नुपर्ने भनेर दबाब परेको हो ।

भदौ २३ र २४ गतेको जेनजीको प्रदर्शनपछि राजनीतिक नेतृत्व बदलिएको छ । प्रतिनिधि सभामा दुई तिहाइ बढी बहुमतमा रहेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिन बाध्य भए । त्यसपछि संसद् बाहिरबाट नागरिक सरकार बनेको छ ।

पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वमा नयाँ सरकार बनेको छ। नयाँ सरकारले पूर्णता पाउँदै गर्दा निजामती सेवाभित्र कर्मचारीतन्त्रमा सुधार पक्षधर कर्मचारीहरूले उच्च पदस्थ कर्मचारीलाई हटाउन दबाब सिर्जना गरेका हुन् ।

यसका निम्ति संगठित भएर उनीहरूले 'सार्वजनिक प्रशासन रूपान्तरण अभियान २०८२' सुरु गरेका छन् । जसमार्फत मुख्यसचिव एकनारायण अर्याल, संघीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेय, सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार विमल पौडेल, गृहसचिव गोकर्णमणि दुवाडीलगायतका जिम्मेवार पदाधिकारी एवं कर्मचारीलाई तत्काल बर्खास्त गर्नुपर्ने माग अगाडि सारेका छन्।

सुधार पक्षधर कर्मचारीहरूले दुई चरणमा छलफल गरिसकेका छन् । पहिलो चरणमा अभियान सुरु गर्ने र अभियान सुरु गर्न लागेकोबारे देशव्यापी अभियान चलाउने विषय थियो । दोस्रो चरणमा अभियानको घोषणा नै भएको हो ।

यो अभियानमा सिंहदरवारका बिभिन्न मन्त्रालयका अधिकृतहरू सक्रिय रहेका छन्। उनीहरूलाई सहसचिव स्तरका कर्मचारी समेतले समर्थन गरेका छन् । अभियानमा सक्रिय एक कर्मचारीका अनुसार कोर टिममा २५ जना छन्। यसलाई फैलाउने र संयोजक नै तोक्ने गरी राष्ट्रिय भेलाको तयारी छ ।

उर्जा मन्त्रालयमा कार्यरत एक अधिकृत भन्छन्, 'केही दिनभित्र राष्ट्रिय स्तरको भेला गरेर संयोजक तोक्ने तयारी गरेका छौं ।' उनले दाबी गरेअनुसार देशभरका करिब पाँच सय कर्मचारी अभियानमा जोडिने गरी सम्पर्कमा आएका छन् ।

'हामी आजकै मितिदेखि नेपालको सार्वजनिक प्रशासन रूपान्तरण गर्ने अभियानमा प्रतिबद्ध छौं' 'सार्वजनिक प्रशासन रूपान्तरण अभियान २०८२'ले अपिल जारी गर्दै भनेको छ, 'यही मिति २०८२ भदौ २३ र २४ गते नवयुवा पुस्ता जेनजीको नेतृत्वमा मुलुकमा भएको आन्दोलनको मूल माग भ्रष्टाचारको अन्त्य र सुशासनको बहालीप्रति पूर्ण सहमति जनाउँछौं ।'

उनीहरूले मुलुकमा विद्यमान भ्रष्टाचार र कुशासनको अन्त्य गरी सुशासन कायम गर्ने जेनजी आन्दोलनको मुख्य माग र मर्मलाई व्यवहारमा रूपान्तरण गर्न सबै सम्बद्ध पक्षसँग आह्वान गरेका छन् ।

राजनीतिक तथा प्रशासनिक नेतृत्वको अक्षमता, अकर्मण्यता, अदूरदर्शिता र गैरजिम्मेवारीपनका कारण जेनजी आन्दोलन हुनुपरेको उनीहरूको बुझाइ छ । यही बुझाइका पृष्ठ २ मा

# बसपार्कमा गाउँ जानेको भिड

## २० लाखले उपत्यका छाड्ने अनुमान

**छवि सापकोटा / मध्यान्ह**
काठमाडौं, ६ असोज

दसैं मनाउन काठमाडौंबाट मुलुकका विभिन्न स्थानमा जाने यात्रुको संख्या ह्वात्तै बढेको छ। दसैंका लागि सहरबाट गाउँ जाने चलनले एक सातायता सवारीसाधनको चाप बढेको हो ।

जेनजी आन्दोलनका कारण विश्वविद्यायल तथा निजी कलेजले बिदा दिएपछि उपत्यका छाड्नेका संख्या बढेको हो । १२ गतेदेखिबाट मात्र सार्वजनिक बिदा भए पनि गृहणी, विद्यार्थी र विदेशबाट दसैं मनाउन आउनेहरूको कारण काठमाडौंस्थित नयाँ बसपार्कमा घर जानेको भिड छ ।



यस्तै, बसपार्कबाट अग्रीम बुकिङको व्यवस्था नहुँदा यात्रुहरू छिटो गरेर घर जाने लागेका हुन् । पछिल्लो पाँच दिनमा दसैं मनाउन काठमाडौं उपत्यका छाड्नेको संख्या पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# मलेसियाको रोजगारी सुचारु, युएई पनि सहज हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असोज

मलेसियामा नेपाली कामदारको आवागमन र भिसा प्रक्रियामा कुनै समस्या नरहेको मलेसियास्थित नेपाली दूतावासले जनाएको छ। संयुक्त अरब इमिरेट्स (युएई)ले नेपाली नागरिकलाई भिजिट भिसा रोकेर वर्किङ भिसा दिन ढिलाइ गरेपछि कतार र मलेसियाले पनि यस्तै कदम चाल्न लागेको समाचार सार्वजनिक भएको थियो ।

तर सोमबार साँझ मध्यान्ह दैनिकको एक प्रश्नको उत्तरमा नेपाली दूतावासका काउन्सिलर श्रम कृष्णप्रसाद भुसालले केही सामाजिक सञ्जालमा मलेसियामा पनि नेपाली कामदारको वर्क परमिट रोकिएको भन्ने समाचार देखिएपनि नेपालमा भएका घटनालाई लिएर मलेसियाले नेपाली कामदार लिने विगतको शैलीमा कुनै परिवर्तन नगरेको बताए ।

उनले भने, 'कामदारको वर्क परमिट रोकिएको कुनै गुनासो नआएको र रोजगारदाता कम्पनीहरूबाट पनि कुनैपनि प्रकारको सोधखोज भएको सूचना बाहिर आएको छैन, अवस्था पूर्ववत् रूपमा सामान्य छ ।'

भिजिट भिसा रोकेको युएईले प्रहरी रिपोर्ट र राहदानीको कभरपेज लिएर नेपाली कामदारको भिसा जारी गर्ने तयारी गरिरहेको र यसै साताको अन्त्यसम्म सहज हुने आंकलन गरिएको छ ।

भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा नेपालमा सरकार नै परिवर्तन र अकल्पनीय राष्ट्रिय क्षति हुने गरी हिंसा, तोडफोड तथा आगजनी भएको थियो । त्यस क्रममा जेल तोडेर १३ हजार कैदी र ठुलो संख्यामा थुनुवा भागेको विषय अन्तर्राष्ट्रिय चर्चाको विषय पृष्ठ २ मा

## प्राथमिकतामा परेन श्रम मन्त्रालय

**काठमाडौं / मस-** प्रधानमन्त्री सुशीला कार्कीको अन्तरिम मन्त्रिपरिषद् दोस्रो पटक विस्तार हुँदा समेत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्री पाउन सकेन । रेमिट्यान्स मुलुकको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको भएपनि मन्त्रिपरिषद् विस्तारमा श्रम मन्त्रालय विगतको जस्तै सरकारको कम प्राथमिकतामा परेको कतिपयले टिप्पणी गरेका छन् । मन्त्रिपरिषद् बढीमा ११ सदस्यीय बनाउने प्रधानमन्त्री कार्कीको भनाइले श्रम मन्त्रालयले स्वतन्त्र पृष्ठ २ मा



On the auspicious occasion of the 95th National Day
of the Kingdom of Saudi Arabia (23rd September 2025)
*"We Dream and Achieve"*

Our heartiest congratulations to H. E. Mr. Saad Naseer A. Abuhaimed,
The Ambassador of Kingdom of Saudi Arabia to Nepal.

We wish the Government and the great people of Kingdom of Saudi Arabia peace, progress and prosperity.
May the friendly relations between Nepal and Saudi Arabia grow further in the years to come.

With Best Compliments from:
**Prem Bahadur Katuwal**
**Past President NAFEA**
**Chairman / Managing Director**

BLUE SKY INTERNATIONAL PVT. LTD.
Maharajgunj, Chundevi, Gairi Marg, Kathmandu, Nepal.
Po. Box No: 19346 । Phone Number: 01-4721633, Fax No: 4721888.

# मन्त्री घिसिङद्वारा मध्य भोटेकोशी जलविद्युत् आयोजनाको निरीक्षण

**काठमाडौं/मस-** ऊर्जा, भौतिक पूर्वाधार तथा शहरी विकासमन्त्री कुलमान घिसिङले सोमबार व्यावसायिक उत्पादनका लागि परीक्षणको क्रममा रहेको मध्य भोटेकोशी जलविद्युत् आयोजनाको निरीक्षण गरेका छन् ।

सिन्धुपाल्चोकमा निर्माण भएको १ सय २ मेगावाट क्षमताको उक्त जलविद्युत् आयोजनाको मन्त्री घिसिङ निरीक्षण गरेका हुन् । निर्माण सम्पन्न भइ हाल व्यावसायिक रूपमा विद्युत् उत्पादनका लागि आवश्यक ७२ घण्टे परीक्षण उत्पादनको सोमबार दोस्रो दिन रहेको आयोजनाले जनाएको छ ।



चिलिमे जलविद्युत् कम्पनीको प्रबन्धक सञ्चालक हुँदा मन्त्री घिसिङकै नेतृत्वमा आयोजनाको विस्तृत अध्ययन, विद्युत् खरिद-बिक्री सम्झौता, वित्तीय व्यवस्थापन तथा ठेक्का सम्झौता सम्पन्न गरी निर्माण चरणमा पुगेको थियो । उक्त आयोजनाबाट परीक्षणका क्रममा पूर्ण १०२ मेगावाट विद्युत् उत्पादन भइ राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह भइरहेको छ ।

जुरेको पहिरो, ०७२ सालको भूकम्प, भोटेकोशी नदीमा आएको बाढी, कोभिड-१९ को महामारी, स्थानीय अवरोधलगायतका कारण आयोजनाको निर्माण समयमै सक्न समस्या भएको थियो ।

### सूर्यविनायक-धुलिखेल सडक अनुगमन

मन्त्री घिसिङले सोमबार सूर्यविनायक-धुलिखेल सडक खण्डको अनुगमन गरेका छन् ।

अनुगमनका क्रममा उनले दशैं-तिहारजस्ता चाडपर्वलाई ध्यानमा राखी यात्रुहरूको सहज यातायात सुनिश्चित गर्न सडक खण्डमा देखिएका खाल्डाखुल्डी तत्काल मर्मत गर्न सम्बन्धित निकायलाई निर्देशन दिए । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालयका सचिवसहितका अधिकारीहरुसँगै सडक अवलोकन गर्न पुगेका मन्त्री घिसिङले सो सडक खण्डको विस्तार कार्यलाई प्राथमिकतामा राखेर आगामी आर्थिक वर्षभित्रै सम्पन्न गर्नेगरी अघि बढाउन सचेत गराए ।

उनले भने, 'यो आर्थिक वर्ष असारसम्म पिचको काम सम्पन्न गर्ने लक्ष्य छ । दसैँभरि यातायात सहज होस् भनेर खाल्डाखुल्डी तत्काल पुर्ने काम भइरहेको छ । बजेटको अभाव भए रकमान्तरण गरेर भएपनि यो सडकलाई प्राथमिकता दिइनेछ । अब ठेकेदारले पनि तत्काल काम गर्नुपर्छ । काम नगर्ने ठेकदारको सम्झौता तोडिन्छ । वर्षौंसम्म काम रोक्ने प्रवृत्ति अब चल्दैन । कन्सल्टेन्टले पनि निर्णय प्रक्रियालाई छिटो गर्नुपर्छ ।' मन्त्री घिसिङले सो सडक विस्तार तथा स्तरोन्नति कार्यको बजेट व्यवस्थामा कुनै कमी नहुने स्पष्ट पारे । त्यस अवसरमा स्थानीयवासीहरूले सडक विस्तार कार्य चाँडो सम्पन्न गर्नुपर्नेमा जोड दिँदै मन्त्री घिसिङको ध्यानाकर्षण गराएका थिए ।

# 'क्षतिग्रस्त भवन प्राविधिक परीक्षण नगरी प्रयोग नगर्नू'

**काठमाडौं/मस-** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जेनजी प्रदर्शनमा क्षतिग्रस्त भवनको प्राविधिक परीक्षण नगरी प्रयोग नगर्न सबैमा अनुरोध गरेको छ ।




प्राधिकरणका प्रवक्ता शान्ति महतले परीक्षण बिनै रंगरोगन गरी प्रयोग गर्दा झन् जोखिम हुनसक्ने भएकाले प्राविधिक परीक्षणबाट उपयुक्त छ भन्ने यकिन भएपछि मात्रै प्रयोग गर्न अनुरोध गरिएको जानकारी दिइन् ।

उनले बढी क्षति भएका संरचनाको भने संरचनात्मक अवस्था मूल्यांकन नगरी रंगरोगन नगर्न र नगराउन पनि अनुरोध गरिएको बताइन् ।

प्राधिकरणले जारी गरेको सूचनामा भनिएको छ, 'बढी क्षति भएका भवनको संरचनात्मक अवस्था मूल्यांकन नगरी रंग रोगनसमेत नगर्नु/नगराउनु हुन आग्रह गर्दछौं ।'

प्रहरीको प्रारम्भिक विवरणमा जेनजी प्रदर्शनमा ६ सय भन्दा बढी भवन पूर्णरूपमा जलेर नष्ट भएको छभने एक हजार ५ सय बढी भवनमा आंशिक क्षति पुगेको छ ।

प्राधिकरणले क्षतिको मूल्यांकनका लागि प्रारुप तयार पार्न सरोकारवाला निकायको सहभागितामा समिति गठन गरेर काम थालिसकेको जनाएको छ ।

# भारतीय गाडीलाई 'टाइम कार्ड'

**कञ्चनपुर/मस-** पश्चिमी सीमा नाका गड्डाचौकी हुँदै आउने भारतीय 'नम्बर प्लेट'का सवारीसाधनका लागि 'टाइम कार्ड' प्रणाली लागू गरिएको छ ।

भन्सार महसुल ऐन,२०८१ को अनुसूची-५ मा भएको व्यवस्थाबमोजिम भारतीय सवारसाधनलाई नजिकको महेन्द्रनगर बजारसम्म आउने-जाने कार्यका लागि 'टाइम कार्ड' प्रणाली लागू गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सागर बोहराले जानकारी दिए ।

यस कार्यले सीमा नाका हुँदै आउने भारतीय सवारीसाधनको अभिलेख राख्नुका उनीहरूका गतिविधिबारे अनुगमन गर्न पनि सहज हुने उनले बताए ।

'यस प्रणालीअन्तर्गत सीमा नाका हुँदै आउने भारतीय गाडीलाई समय तोकेर पठाइनेछ । निर्धारित समयभित्र सो गाडी फर्कनुपर्नेछ । निर्धारित समयभित्र नफर्कने गाडी नियन्त्रणमा लिएर कारबाही गरिनेछ', बोहराले भने ।

### जेनजी...

गरेका अनिल सिन्हा, डा. महावीर पुन, जगदीश खरेल, मदनप्रसाद परियारले सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले शपथग्रहणसँगै पदभार सम्हालेका छन् । कार्कीले नियुक्त गरेका अधिकांश मन्त्री सार्वजनिक रूपमा चर्चामा रहेका छन् ।

११ सदस्यीय मन्त्रीमण्डल बनाउने बताएकी प्रधानमन्त्री कार्कीले अझै तीन जना मन्त्री थप्नुपर्नेछ । आगामी फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन गर्ने म्यान्डेटसहित २७ गते प्रधानमन्त्रीमा नियुक्त भएकी थिइन् । कार्की नेतृत्वको सरकारमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिलकुमार सिन्हाले अन्तरिम सरकारमा कानुन, न्याय तथा संसदीय मामिला, उद्योग वाणिज्य र भूमिसुधार मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

त्यस्तै, सञ्चारकर्मी जगदीश खरेलले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मेवारी पाएका छन् भने वैज्ञानिक तथा सामाजिक अभियन्ता डा. महावीर पुनले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको जिम्मेवारी पाएका हुन् । त्यसैगरी, डा. मदनप्रसाद परियारलाई प्रधानमन्त्री कार्कीले कृषि तथा पशुपन्छी विकास मन्त्रालयको जिम्मेवारी दिएकी छन् । यससँगै उनको सरकारमा आठ सदस्य मन्त्रिमण्डल बनेको हो । स्वच्छ र स्वतन्त्र र विषय विज्ञ व्यक्तिहरूको छनोट गर्दा प्रधानमन्त्री कार्कीलाई मन्त्रिपरिषद् विस्तारमा केही समय लागेको उनको सचिवालयले जनाएको छ । उनले भनेअनुसार बाँकी तीन मन्त्री पनि केही दिनमै टुंगो लगाउने तयारीअनुसार विभिन्न चरणमा छलफल भइरहेको सचिवालयले दाबी गरेको छ ।

यसअघि पहिलो चरणमा प्रधानमन्त्री कार्कीले पूर्वसचिव रामेश्वर खनाल, अधिवक्ता ओमप्रकाश अर्याल र कुलमान घिसिङलाई आफ्नो मन्त्रीमण्डलमा समेटेकी थिइन् । अर्थ मन्त्रालयको जिम्मेवारी पाएका खनाल पूर्वअर्थ सचिव भएर काम गरिसकेका प्रशासक हुन् । उनले दोस्रोपटकको मन्त्रिपरिषद् विस्तारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समेत जिम्मेवारी पाएका छन् । त्यस्तै, ऊर्जा मन्त्रालयको जिम्मेवारी पाएका घिसिङ केही महिनाअघि मात्रै नेपाल विद्युत् प्राधिकरणबाट हटाइएका थिए । ऊर्जासहित घिसिङले तत्काललाई जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालयको जिम्मेवारी पाएका छन् । गृहसहित कानुन मन्त्रालयसमेतको जिम्मेवारी पाएका ओमप्रकाश अर्यालको भने दोस्रोपटकको मन्त्रीमण्डल विस्तारमा कानुन मन्त्रालय खोसिएको छ ।

### पूर्वन्यायाधीशलाई ...

कानुन व्यवसायीको लाइसेन्स पाएका थिए । २०७३ साल साउन १७ गते सर्वोच्च अदालतको न्यायाधीश भएका सिन्हाले २०८० कात्तिक १५ बाट अनिवार्य अवकाश पाएका थिए । कर्पोरेट वकिल भएर वकालत गरिरहेका अनिलले सर्वोच्चमा न्यायाधीश भएसँगै पहिलो दिन इजलासमा फौजदारी मुद्दा हेरेका थिए । उनले पदभार ग्रहण गर्दै शहीद परिवारका सदस्य र आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूका लागि रोजगारीको व्यवस्था गर्ने पहिलो निर्णयमा हस्ताक्षर गरेका छन् ।

### पत्रकारलाई....

बिदा भएका उनी शालीन शैलीमा खरो प्रश्न गर्ने सञ्चारकर्मीको छवि बनाएका पात्र हुन् । उनको जन्म २०३९ साल साउन २२ गते दोलखामा भएको हो । उनले मन्त्रीको पद बहाली गर्दै उपत्यकामा तीन महिनाभित्र र उपत्यका बाहिरका १० सहरमा पाँच महिनामा फ्री इन्टरनेटको व्यवस्था गर्ने निर्णय गरेका छन् ।

### वैज्ञानिकलाई...

७ कक्षासम्म गाउँकै स्कुलमा अध्ययन गरेका थिए । अमेरिकाको 'युनिभर्सिटी अफ नेब्रास्का एट कर्नी'मा आंशिक छात्रवृत्तिमा उनले अध्ययन गर्न पाए । सोही विश्वविद्यालयबाट उनले स्नातक तह पूरा गरे । २०४९ सालमा पुन नेपाल फर्किएर आफ्नो गाउँमा शिक्षा तथा प्रविधिको पहुँच विस्तार गर्ने काम सुरु गरी वायरलेस प्रविधिबाट ग्रामीण जनतालाई इन्टरनेट सेवा र सुविधा दिन सफल भएका थिए । सन् २००७ मा एसियाको नोबेल पुरस्कार भनेर चिनिने रोमन म्याग्सेसे पुरस्कारसमेत पाएका पुनलाई नेपाल सरकारले २०७९ सालमा १ करोड रुपैयाँ राशिको भवन कीर्ति रत्न पुरस्कारबाट सम्मान गरेको थियो । पुन 'इन्टरनेट हल आफ फेम', 'समग्र सामाजिक नवीनता पुरस्कार'जस्ता पदबाट पनि सम्मानित भएका थिए । आविष्कार केन्द्रमा खर्च जुटाउने पुनले आफूले पाएका अवार्डसमेत लिलामीमा राखेका थिए । उनीसँग करिब १२ वर्षको विद्यालयस्तरीय शिक्षण पेसाको समेत अनुभव छ । उनले पदभार ग्रहरणसँगै शिक्षा मन्त्रालयमै बास बसेर काम गर्ने घोषणा गरेका छन् ।

### कृषिविज्ञलाई ....

विकास विषयमा डक्टर अफ इन्जिनियरिङको उपाधि हासिल गरेका छन् । सोही संस्थाबाट सन् १९८९ मा उनले मास्टर अफ इन्जिनियरिङको डिग्री लिएका थिए । यसअघि सन् १९७३ मा भारतको इलाहाबाद एग्रिकल्चरल इन्स्टिच्युटबाट कृषि इन्जिनियरिङमा ब्याचलर अफ साइन्स र सन् १९६९ मा इन्टरमिडियट अफ साइन्स इन एग्रिकल्चर पूरा गरेका थिए । परियारसँग नेपालसहित भारत, थाइल्यान्ड, श्रीलंकाका गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र सरकारी निकायहरूमा ३० वर्षभन्दा बढीको कार्य अनुभव छ । उनलाई सन् १९९० र १९९८ मा 'विद्या भूषण 'क' र 'ख' बाट सम्मानित गरिएको थियो । सन् १९८९ मा एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीले उत्कृष्ट शैक्षिक प्रदर्शनका लागि 'जेम्स लिनन मेमोरियल प्राइज' प्रदान गरेको थियो । कृषि मन्त्रालयको जिम्मेवारी सम्हाल्दै उनले ऊखु र दुग्ध किसानको बक्यौता भुक्तानी गर्ने पहिलो निर्णय लिएका छन् ।

### कर्मचारीतन्त्रमा...

आधारमा तत्कालीन राजनीतिक नेतृत्व बहिर्गमन भइसकेको सन्दर्भमा मुख्यसचिव, संसदका महासचिव, सर्वोच्चका मुख्य रजिस्ट्रार र गृह सचिवलाई हटाउनुपर्ने माग राखेका हुन् ।

'हालको प्रशासनिक नेतृत्वबाट रूपान्तरण सम्भव नहुने ठहर गर्दै नेपाल सरकारका मुख्य सचिव, संघीय संसदका महासचिव, सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार र गृह सचिवलगायतका जिम्मेवार पदाधिकारी एवं कर्मचारीहरूको तत्काल बर्खास्त गर्न नेपाल सरकारसमक्ष जोडदार माग गर्दछौं,' अपिलमा उल्लेख छ ।

निजामती कर्मचारी, सुरक्षाकर्मीलगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूको मनोबल उच्च बनाई सहज र सुरक्षित कार्य वातावरण बनाउन पनि उच्च पदस्थ कर्मचारी हट्नुपर्ने उनीहरूको दबाब छ । सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं प्रभावकारी बनाउन गलत गर्नेले सेवा छाड्नुपर्ने उनीहरूको राय छ ।

अभियानका अनुसार सार्वजनिक प्रशासनमा कर्मचारी सरुवा, बढुवालगायतका वृत्ति प्रणाली र सार्वजनिक सेवा प्रवाहको विकृति र विसंगति छ । यसको एउटा कारण विद्यमान दलीय ट्रेड युनियन रहेको निष्कर्ष निकाल्दै दलीय ट्रेड युनियन तत्काल खारेज गर्नसमेत माग राखेका छन् ।

संविधान जारी भएको १० वर्ष बितिसक्दा पनि संघीय निजामती सेवा ऐन बन्न सकेको छैन । यसको कारण राजनीतिक नेतृत्वको गैरजिम्मेवारीका साथसाथै प्रशासनिक नेतृत्वको स्वार्थको दाउपेच पनि एक भएको उनीहरूको दाबी छ । यसकारणले पनि उच्च पदस्थ कर्मचारीले सेवा छाड्नुपर्ने उनीहरूको दबाब छ ।

### बसपार्कमा...

बढेको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता लोकेन्द्रसिंह गुरुङले बताए । उपत्यका छाड्नको संख्या बढ्दा काठमाडौंबाट बाहिरिने सवारीको चाप बढेको बताए ।

यस्तै, पछिल्लो समय निरन्तर वर्षाको कारण पहाडी राजमार्गमा सडक अवरोध हुँदा यात्रुहरूलाई गन्तव्यमा पुग्न यात्रुहरूलाई निकै सकस भएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार असोज १ गतेयता १ लाख ८९ हजार २ सय १४ यात्रु उपत्यकाबाट बाहिरिएको उपत्यका ट्राफिक प्रहरीले जनाएको छ । सोमबार मात्र उपत्यकाबाट ४३ हजार यात्रुले काठमाडौं छोडेका छन् । यस्तै, असोज १ गतेदेखि ६ गतेसम्म २९ हजार ३ सय ७८ सार्वजनिक यातायातबाट करिब २ लाख यात्रुले उपत्यका छोडेका हुन् । ट्राफिक प्रहरीका अनुसार असोज १ गते ४ हजार ८ सय ६४ सवारीसाधनबाट ३४ हजार ५ सय ५६ जना यात्रु बाहिरिएका थिए । यस्तै, असोज २ गते ५ हजार ८ सय २ सवारी साधनबाट ३६ हजार १ सय, असोज ३ गते ६ हजार २ सय ३८ सवारी साधनबाट ४० हजार ५ सय ५५ जना यात्रु बाहिरिएका छन् । यस्तै, असोज ४ गते ५ हजार ९ सय २३ सवारी साधनबाट ३४ हजार ८ सय ७९ जना यात्रुले काठमाडौं छाडेका थिए । यस्तै, सोमबारबाट सवारी साधनको क्यु फ्री भएकाले काठमाडौंका यात्रुलाई लिन काठमाडौं भित्रिने सार्वजनिक बसको संख्यासमेत बढिरहेको छ ।

उपत्यकाबाट दसैं मनाउन घर जानेको चाप बढेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले बताए । यो संख्या दसैंको अघिल्लो दिनसम्म हुने र सार्वजनिक यातायातसँगै हवाई, निजी सवारीबाट यस वर्ष करिब २० लाख यात्रुले उपत्यका छाड्ने अनुमान गरिएको स्वाँरले बताए । निरन्तर वर्षाको पहाडी क्षेत्रका सडकमा पहिरो जाँदा दसैंमा यात्रा कठिन भएको छ ।

### मलेसियाको...

बनेको छ । अझैसम्म ८ हजारभन्दा बढी भागेका कैदी र थुनुवा फर्केका वा पक्राउ परेका छैनन् । त्यसले नेपालीप्रतिको दृष्टिकोण नै परिवर्तन भएको अनुमान गरिएको छ । तर त्यसकै कारण नेपाली कामदारको वर्क परमिट बन्द नहुने जानकारहरू बताउँछन् ।

युएईले नेपाली मात्रै नभएर बंगलादेशका कामदारको पनि वर्क परमिट रोकेको समाचार सार्वजनिक भएको थियो । तर युएईका लागि बंगलादेशका राजदूत तारिक अहमदले सामाजिक सञ्जाल र केही वेबसाइटहरूमा प्रसारित रिपोर्टहरू सत्यतामा आधारित नभएको बताएका छन् । उनले युएईले गम्भीर परिस्थितिमा बाहेक कामदारको वर्क परमिट नरोक्ने बताएका छन् । युएईमा हाल करिब १० लाख बंगलादेशी नागरिक कार्यरत रहेका छन् ।

### प्राथमिकतामा...

कार्यभार रहेको मन्त्री नपाउने लगभग निश्चित भएको छ । हाल श्रम मन्त्रालयसहित परराष्ट्र, रक्षा, खानेपानी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, युवा तथा खेलकुद, वन तथा वातावरण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रधानमन्त्री कार्की मातहत रहेका छन् ।

**Thalara Rural Municipality**
**Office of Rural Municipal Executive**
**Kholi, Bajhang, Sudurpashchim Province, Nepal**

**Invitation for Sealed Quotation for the Procurement Goods**

**Date of Publication: 2082/06/07 (September 23, 2025)**

Thalara Rural Municipality, Office of Rural Municipal Executive, Kholi, Bajhang invites electronic bids from Nepalese eligible bidders under Sealed Quotation (SQ) procedures for the procurement of goods mentioned below:

| IFB No. | Description & Location of Work | Estimated Amount With VAT (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period (Days from Date of bid opening) |
|---|---|---|---|---|---|
| SQ/TRM/GOODS/01/2082-83(Re) | Procurement of Office execution materials and supply to the office of Thalara Rural Municipality, Bajhang | 19,24,231.80/- | 50,000/- | 1,000/- | 75 days |
| SQ/TRM/GOODS/04/2082-83 | Procurement of Machinery Items, Electronics Items and Equipment and supply to the office of Thalara Rural Municipality, Bajhang. | 17,79,949.00/- | 45,000/- | 1,000/- | 75 days |

Purschase, Submission and Opening:

| Contract | Last Date of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|
| | Date | Time | Date | Time |
| Email: thalaramun@gmail.com<br>Contact No.: 9843229890/ 9858420550 | 2082/06/22 (October 8, 2025) | 12:00 Noon | 2082/06/22 (October 8, 2025) | 14:00 Noon |

| Bank Name & Address | Office Name | Revenue a/c Details (Antarik Rajaswa Khata) | | Deposit a/c Details (Dharauti Khata) | |
|---|---|---|---|---|---|
| | | Account Name | Account No. | Account Name | Account No. |
| Kumari Bank Ltd. Thalara Branch | Office of Thalara Rural Municipal Executive, Kholi, Bajhang | THALARA GA.PA. ANATRIK RAJASWO KHATA GA 1.1 | 1840102612300001 | THALARA GA.PA. ISTHANIYA TAHA DHARAUTI KHATA GA 3 | 1840102612300016 |

- Tender document shall follow Public Procurement Act, 2063 (Latest Amendment), Public Procurement Regulation of Thalara Rural Municipality, 2076.
- Eligible bidders may refer complete set of Bid Document for further information at Office of Thalara Rural Municipality, Bajhang or PPMO's website www.bolpatra.gov.np/egp and bidders shall have the option of submitting their bids electronically only.
- The Employer reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**भीमदत्त नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**वातावरणीय प्रभाव मूल्यांकनको सार्वजनिक सुनुवाई सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति -२०८२/०६/०७**

भीमदत्त नगरपालिका प्रस्तावक रहेको सुदूरपश्चिम प्रदेश, कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका वडा नं. ११, १२ र १३ र दोधरा चाँदनी नगरपालिका वडा नं. १, २ र ४ को सिमाना भएर बग्ने महाकाली नदीको वगर क्षेत्रबाट ढुंगा, बालुवा, ग्राभेल उत्खनन तथा संकलन कार्य गर्न लागेको हुँदा उक्त कार्यको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गर्न तपशिलअनुसारको मिति, समय र स्थानमा सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन हुने भएकोले सरोकारवाला निकाय, संघ, संस्था, जनप्रतिनिधि, स्थानीय साथै सम्बन्धित सबैलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**
मिति- २०८२ असोज १० गते शुक्रबार
समय- बिहान ११ : बजे
स्थान- भीमदत्त नगरपालिका, १२ नं. वडा कार्यालय

**प्रस्तावकः**
भीमदत्त नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर

**परामर्शदाताः**
देवटेक- पेसोकन्स्ल्ट- ग्रीनविच इन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ
जे.भी. काठमाडौं



काठमाडौंको हनुमान ढोकास्थित दसैंघरमा विधिवत् रुपमा जमरा राखिएको छ । नवरात्रको पहिलो दिन सोमबार घरघरमा पनि घटस्थापना गरी विधिवत् रुपमा जमरा राखिएको छ।

# अख्तियारमा ३७ हजार २६ उजुरी दर्ता छ अर्ब बढीको बिगो माग दाबी

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा एक वर्षमा ३७ हजार २६ वटा उजुरी दर्ता भएका छन्।

आर्थिक वर्ष २०८१/८२ मा आयोगको केन्द्रीय कार्यालय र मातहत कार्यालयमा दर्ता भएका २८ हजार ५ सय ५४ वटा र त्यस अघिको आवबाट जिम्मेवारी सरी आएका आठ हजार ४ सय ७२ वटा गरी जम्मा ३७ हजार २६ वटा उजुरी दर्ता भएको आयोगले जनाएको छ।

तीमध्ये सबैभन्दा बढी अर्थात् १० हजार २ सय ४५ वटा (२७.६७ प्रतिशत) उजुरी आयोगको वेबसाइट प्रयोग गरी अनलाइनबाट प्राप्त भएका छन्। त्यसपछि क्रमशः लिखित निवेदन, इमेल, हुलाक सेवा, टेलिफोन, सामाजिक सञ्जाललगायतका माध्यमहरूबाट बढी उजुरी प्राप्त भएका आयोगको प्रतिवेदनमा उल्लेख छ । आयोगले आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आर्थिक वर्ष २०८१/८२ को ३५औं वार्षिक प्रतिवेदन पेस गरेको छ।

यस अवधिमा दर्ता भएका कुल उजुरीमध्ये १९ हजार ५ सय ६१ वटा (५२.८३ प्रतिशत) उजुरी आयोगको केन्द्रीय कार्यालयमा छन् । आयोग मातहतका कार्यालयहरूमध्ये सबैभन्दा बढी तीन हजार ९ सय ७० वटा (१०.७२ प्रतिशत) उजुरी आयोगको कार्यालय बर्दिबासमा र सबैभन्दा कम अर्थात् ९ सय २ वटा (२.४४ प्रतिशत) उजुरी सम्पर्क कार्यालय नेपालगञ्जमा छन्।

आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार आयोगले केन्द्रीय कार्यालय टंगाल काठमाडौंका साथै इटहरी, बर्दिवास, हेटौंडा, पोखरा, बुटवल, सुर्खेत, कञ्चनपुर र नेपालगञ्जस्थित मातहत कार्यालयहरूबाट कार्यसम्पादन गर्दै आएको छ।

हाल आयोगमा कूल ९ सय ९० कर्मचारी दरबन्दी रहेको र आयोगबाट




३३ वटा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई अनुसन्धानसम्बन्धी अधिकार प्रत्यायोजन गरिएको छ।

स्थानीय तहका पदाधिकारीसम्बद्धका उजुरी बढी

यस अवधिमा ६ वटा प्रदेशमा स्थानीय तहका निकाय वा पदाधिकारीसम्बद्ध उजुरी बढी परेका छन् भने बागमती प्रदेशमा संघीय निकाय वा पदाधिकारीसम्बद्ध उजुरीको संख्या बढी रहेको प्रतिवेदनमा उल्लेख छ।

यसैगरी कर्णाली र सुदूरपश्चिम प्रदेशमा प्रदेश सरकारका निकाय वा पदाधिकारीसम्बद्ध बढी उजुरी परेको छ। उजुरीको समग्र संख्या बागमती प्रदेशमा सबैभन्दा बढी अर्थात् ११ हजार २ सय ७७ वटा (३०.४६ प्रतिशत) रहेका छन् भने गण्डकी प्रदेशमा सबैभन्दा कम अर्थात् दुई ४ सय १३ वटा (६.५२ प्रतिशत) रहेका छन्। यस अवधिमा प्राप्त कुल उजुरीमध्ये १९ हजार ९ सय ३३ वटा अर्थात् ५३.८४ प्रतशित उजुरी स्थानीय तहसम्बद्ध, १२ हजार ४ सय ७५ वटा अर्थात् ३३.६९ प्रतिशत उजुरी संघ सरकारसम्बद्ध र चार हजार ६ सय १८ वटा अर्थात् १२.४७ प्रतिशत उजुरी प्रदेश सरकारसम्बद्ध छन्।

संघ सरकारसम्बद्ध उजुरीमध्ये मन्त्रालयगत आधारमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित उजुरी सबैभन्दा बढी अर्थात् १७.१२ प्रतिशत रहेका छन्।

आव २०८१/८२ मा दर्ता कायम भएका प्रदेश सरकारसम्बद्ध कुल चार ६ सय १८ वटा उजुरीमध्ये सबैभन्दा बढी अर्थात् एक हजार दुई सय वटा (२५.९९ प्रतिशत) उजुरी मधेश प्रदेशसम्बद्ध र सबैभन्दा कम अर्थात् ३ सय ४५ वटा (७.४८ प्रतिशत) उजुरी गण्डकी प्रदेशसम्बद्ध छन्।

विषय क्षेत्रगतरूपमा परेका उजुरी संख्याको आधारमा कोसी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै रहेका छन्। मधेस प्रदेशमा भने भौतिक पूर्वाधार तथा यातायत क्षेत्रसँग सम्बन्धित उजुरीको संख्या सबैभन्दा बढी छ।

यस अवधिमा दर्ता भएका स्थानीय तहसम्बद्ध कूल १९ हजार ९ सय ३३ उजुरीमध्ये सबैभन्दा बढी अर्थात् सात हजार ७२ वटा (३५.४८ प्रतिशत) उजुरी मधेस प्रदेशका स्थानीय तहसँग सम्बन्धित र सबैभन्दा कम अर्थात् एक हजार चार सय २० वटा (७.१२ प्रतिशत) उजुरी गण्डकी प्रदेशका स्थानीय तहसँग सम्बन्धित रहेका प्रतिवेदनमा उल्लेख छ।

यस अवधिमा आयोगबाट विभिन्न भ्रष्टाचारजन्य कसुरमा १३५ वटा र सम्पत्ति शुद्धीकरण कसुरमा दुई वटा गरी जम्मा १३७ वटा मुद्दा विशेष अदालतमा दायर गरिएको आयोगले जनाएको छ। भ्रष्टाचारजन्य कसुरमा दायर भएका मुद्दामध्ये सबैभन्दा बढी अर्थात् ३७ वटा मुद्दा घुस रिसवतसम्बन्धी छन्। त्यसपछि क्रमशः गैरकानुनी लाभ हानिसम्बन्धी ३५ वटा, झुटा नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी २७ वटा, सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी २४ वटा, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी आठ वटा, र विविध विषयका चार वटा मुद्दा छन्।

उल्लेखित मुद्दाहरूमा ९४ जना महिला, ६ सय १९ जना पुरुष र ४० संस्था गरी कुल ७ सय ५३ प्रतिवादीविरुद्ध कैद सजाय र जरिवानाका अतिरिक्त जम्मा रु छ अर्ब एक करोड ८४ लाख ७२ हजार ६ सय ९२ रुपैयाँ ९३ पैसा बिगो माग दाबी लिइएको छ।

कूल ७ सय ५३ प्रतिवादीहरुमध्ये राष्ट्रसेवक कर्मचारी ३ सय ९२, निर्वाचित जनप्रतिनिधिहरु ४८, राजनीतिक नियुक्ति १८, विभिन्न उपभोक्ता तथा व्यवस्थापन समितिका पदाधिकारीलगायत, संस्था र अन्य गरी २ सय ९५ रहेका छन्।

आयोगबाट विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये आव २०८१/८२ मा गत विगत आर्थिक वर्षमा दायर भएका मुद्दासमेत जम्मा तीन सय ९३ वटा मुद्दाको फैसला प्राप्त भएको छ । फैसला प्राप्त भएका मुद्दाहरूमध्ये ८७ वटा मुद्दामा पूर्ण र १ सय २० वटा मुद्दामा आंशिक गरी २ सय ७ वटा अर्थात् ५२.६७ प्रतिशत मुद्दामा कसुर कायम भएको आयोगले जनाएको छ।

# प्रमुख प्रशासकीय अधिकृतहरू हाजिर नहुँदा दसैंअघि कर्मचारीले तलब पाउने सम्भावना न्यून

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, ६ असोज

रौतहट जिल्लाका स्थानीय तहहरुमा खटाइएका प्रमुख प्रशासकीय अधिकृतहरु समयमा हाजिर नहुँदा स्थानीय तहमा कार्यरत कर्मचारीहरुले दसैं अगाडि तलब पाउने सम्भावना घट्दै गएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले रौतहटका स्थानीय तहहरुमा सरुवा पदस्थापन गरेका प्रमुख प्रशासकीय अधिकृतहरु समयमा हाजिर नभएपछि पालिकाहरुको आर्थिक कारोबार हुन सकेको छैन।

पालिकाहरुको खाता सञ्चालनमा नआउँदा दसैं अगाडि स्थानीय तहका कर्मचारीहरुको तलब पाउने सम्भावना घट्दै गएको हो।

अधिकृतहरुको सरुवा तथा पदस्थापन गरेपनि रौतहटमा सरुवा भएका प्रमुख प्रशासकीय अधिकृतहरु हाजिर नभएपछि कार्यालयको आर्थिक तथा प्रशासनिक कार्यहरु प्रभावित बन्न पुगेको छ।

गत भदौ १२ गते राति मन्त्रालयले रौतहट जिल्लाको १६ वटा स्थानीय तहमा कार्यरत निमित्त प्रशासकीय अधिकृतहरुको ठाउँमा दरबन्दी अनुसार उपसचिव र शाखा अधिकृतको पदस्थापन गरेको थियो।

त्यसयता गरुडा नगरपालिका र कटहरिया नगरपालिका तथा यमुनामाई गाउँपालिकामा खटाइएका प्रशासकीय अधिकृत हाजिर भएपनि अन्य स्थानीय तहहरुमा अन्यौल अवस्था छ।

खटाइएका प्रमुख प्रशासकीय अधिकृत हाजिर नभएको बेला यसअघि कार्यरत प्रशासकीय अधिकृतकै हस्ताक्षरमा खाता सञ्चालन गर्न स्थानीय तहहरुले प्रयास गरेपनि स्थानीय स्तरमा सोको विरोध भएपछि हाललाई स्थानीय तहहरुको खाता सञ्चालन हुन सकेको छैन।

रौतहट जिल्लाका प्रमुख कोष




नियन्त्रक देवी प्रसाद गौतमले यस सम्बन्धमा मन्त्रालयको जवाफ पर्खिरहेको बताए।

'दरबन्दी अनुसारको प्रशासकीय अधिकृत हाजिर नभए सम्मको लागि तलब,भत्ता तथा अन्य प्रशासनिक खर्चको लागि रायसहितको जवाफको लागि महालेखा नियन्त्रकको कार्यालयलाई पत्राचार गरेका छौं । त्यहाँबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा राय पेश गर्न पत्राचार गरिएको छ। त्यहाँको पत्र आएपछि सोहि अनुसार निर्णय गर्छौं' उनले भने।

उनले यस सम्बन्धमा एक दुई दिनभित्रै निर्णय गरिने बताए।

दसैं बिदा हुन केही दिन मात्रै बाँकी रहँदा समेत स्थानीय तहहरुको खाता सञ्चालन हुने नहुने निक्यौल नहुँदा कर्मचारीहरु भन्ने निरास देखिएका छन्।

यसअघि कोष तथा लेखा नियन्त्रकको कार्यालय रौतहटले ४ स्थानीय तहको खाता अस्थायी रुपमा रोक लगाइदिएको थियो।

कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले गत मंगलबार गढिमाई नगरपालिका, माधवनारायण नगरपालिका,राजपुर नगरपालिका र राजदेवी नगरपालिकालको खाता बन्द गरिदिएको हो।

कोष तथा लेखा नियन्त्रकको कार्यालय गौरले दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत हाजिर नहुँदै पुरानै प्रशासकीय अधिकृतको हस्ताक्षरमा सञ्चालन हुने गरी खाता खोलि दिएपछि त्यसको तीव्र आलोचना भएको थियो। आलोचनापछि खाता तत्कालको लागि रोक्का गरिदिएको थियो।

चालु आर्थिक वर्षमा ती ४ वटा स्थानीय तहको खाता सुचारु भएर पहिलो किस्ता बापतको सशर्त र समानीकरण अनुदान निकासा भएको थियो। हालसम्म ती पालिकाहरुको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) लक गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले जनाएको छ।

यसअघि असोज २ गते प्रमुख जिल्ला अधिकारी बिनोद खड्काको अध्यक्षतामा बसेको रौतहट जिल्लास्थित सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूको बैठकले तत्कालको लागि पुरानै प्रशासकीय अधिकृतको नाममा स्थानीय तहहरुको खाता सञ्चालन गर्ने गरी कोष तथा लेखा नियन्त्रकको कार्यालयसँग समन्वय गर्ने निर्णय गरिएको थियो। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा गरेका प्रशासकीय अधिकृतहरु हाजिर नभएसम्मको लागि कर्मचारीहरुको तलब भत्ता तथा प्रशासनिक खर्च गर्ने गरी खाता सञ्चालन गर्न कोष तथा लेखा नियन्त्रकको कार्यालयसँग समन्वय गर्ने निर्णय गरिएको थियो।

# असोज अन्तिम साता उपत्यकामा मेलम्चीको पानी आउने

**काठमाडौं/मस–** काठमाडौं उपत्यकामा यस वर्ष असोज अन्तिम सातातिर मात्रै मेलम्चीको पानी आउने भएको छ । वर्षाका कारण मेलम्चीमा पानीको बहाव बढेकाले दसैं अगाडि मेलम्चीको पानी काठमाडौंमा ल्याउन नसकिने मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक जगन्नाथ दासले जानकारी दिए।

उनले भने, 'पानीको बहाब घटेको छैन । बहाब घटेपछि पानी ल्याउने तयारी छ।' विसं २०७८ असार १ गते मेलम्ची खोलामा आएको बाढीपहिरोले आयोजनाको हेडवक्र्स पूर्ण रूपले क्षतिग्रस्त भएपछि त्यसयता हिउँदमा मात्र मेलम्चीको पानी उपत्यकामा वितरण हुँदै आएको कार्यकारी निर्देशक दासले बताए। केही दिनयता दैनिक ठूलो पानी पर्न थालेकाले मेलम्चीको पानी काठमाडौं उपत्यकामा पठाउन समस्या भएको उनको भनाइ छ।

मेलम्चीबाट करिब १७ देखि १८ करोड लिटर पानी दैनिक काठमाडौंमा पथान्तरण



गरिँदै आए पनि बाढीका कारण मेलम्चीको मुहान बन्द गरिएपछि अहिले रिबर्मा खोलाबाट दैनिक रुपमा ६ देखि ७ करोड लिटर पानी पथान्तरण गरेर काठमाडौंमा वितरण भइरहेको कार्यकारी निर्देशक दासले बताए।

उनले भने, 'मेलम्चीको पानी असारमै बन्द भएको थियो । अहिले हामीले रिबर्मा खोलाको पानी वितरण गरीरहेका छौं।'

२०७८ चैत १५ गते पूर्ण क्षमताअनुसार दैनिक १७ करोड लिटर काठमाडौं उपत्यकामा पानी वितरण थालिएको हो। तर, २०७८ असार र साउनमा मेलम्ची तथा इन्द्रावतीमा आएको भीषण बाढीले आयोजनामा ठूलो क्षति पुऱ्याएपछि हालसम्म बाह्रैमास पानी ल्याउन सकिएको छैन।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड ९केयुकेएल० का कार्यकारी निर्देशक अशोककुमार पौडेलका अनुसार उपत्यकामा दैनिक ४३ करोड लिटर पानीको माग छ। मेलम्ची खानेपानी बन्द गरिएको बेला विभिन्न स्रोतबाट दैनिक १३ देखि १४ करोड लिटर पानी मात्रै उपत्यकामा आपूर्ति हुने गरेको उनले जानकारी दिए।

# सुर्खेतका सात स्थानमा यात्रु सहायता कक्ष स्थापना




**सुर्खेत/मस–** जिल्ला प्रहरी कार्यालय सुर्खेतले नेपालीहरूको महान् पर्व दसैं, तिहार र छठलाई मध्यनजर गर्दै जिल्लाका सात स्थानमा यात्रु सहायता कक्ष स्थापना गरेको छ।

सोमबारदेखि सुर्खेतको वीरेन्द्रनगर बसपार्क, छिन्चु बजार, बबई चेकपोष्ट, बोटेचौर बजार, राकम चेकपोष्ट, लेकबेशी चेकपोष्ट र बड्डीचौर बजारमा सहायता कक्षहरु स्थापना गरिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायब उपरीक्षक मोहनजंग बुढथापाले जानकारी दिए।

नेपाल प्रहरीको सहयोगमा सञ्चालित यी कक्षहरूले चाडपर्वको समयमा यात्रुहरूलाई आवश्यक सहजीकरण प्रदान गर्नेछन्।

चाडपर्वको अवधिमा सार्वजनिक सवारी साधनमा यात्रा गर्ने क्रममा यात्रुले भोग्नुपर्ने समस्याहरू समाधान गर्न सहायता कक्षहरू स्थापना गरिएको छ । डिएसपी बुढथापाले यात्रुहरूलाई कुनै समस्या, जस्तै सवारी साधनले अत्यधिक भाडा असुलेमा वा अन्य कुनै असुविधा भएमा, नजिकको सहायता कक्षमा सम्पर्क गर्न आग्रह समेत गरेका छन्।

चाडपर्वको समयमा सडकमा यात्रुको चाप बढ्ने र सवारी साधनमा ठगीको सम्भावना रहने भएकाले हरेक वर्ष सहायता कक्ष सञ्चालन हुँदै आएको छ । यो वर्ष सोमबार देखि सुरु भएका यी सहायता कक्षहरू छठ पर्वसम्म सञ्चालनमा रहनेछन्।

# एक लाख घुससहित एक जना पक्राउ



**दैलेख/मस–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कर्णाली प्रदेश कार्यालयले दैलेखको डुंगेश्वर गाउँपालिकाका लेखा प्रमुखलाई सेवाग्राहीसँग घुस लिएको नगदसहित कर्णाली प्रदेश राजधानी सुर्खेतमा पक्राउ गरेको छ।

गाउँपालिकाको सातौं तहका वरिष्ठ लेखा अधिकृत टंकबहादुर कार्कीलाई सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-९ मंगलगडी चोकबाट अख्तियारको कर्णाली प्रदेश कार्यालयको टोलीले आइतबार राति अबेर एक लाख घुससहित नियन्त्रणमा लिएको हो।

गाउँपालिकाको सडक स्तरोन्नति तथा निर्माण सम्पन्नको अन्तिम भुक्तानी गर्ने क्रममा सेवाग्राहीसँग लिएको उक्त रकमसहित पक्राउ गरी अनुसन्धान थालिएको अख्तियारको केन्द्रीय कार्यालयका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए।

# उदयपुरमा खोलाले बगाउँदा एक जनाको मृत्यु

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ६ असोज

उदयपुरमा खोलाले बगाउँदा एक जनाको मृत्यु भएको छ । उदयपुरगढी गाउँपालिका-६ धपर बस्ने अन्दाजी ४० वर्षीय तोपबहादुर सार्की नेपालटार बजारबाट घर फर्किने क्रममा आइतबार बैजनाथ खोला तर्ने क्रममा बगेका थिए । प्रहरीका अनुसार सार्कीलाई खोलाले बगाएर करिब ५ सय मिटर तल मृत अवस्थामा फेला पारिएको



हो। स्थानीयवासीको जानकारीपछि प्रहरी टोली घटनास्थल पुगेको थियो। आवश्यक कानुनी प्रक्रिया पूरा गरी मृतकको शवलाई पोष्टमार्टमका लागि जिल्ला अस्पताल ल्याइएको प्रहरीले जनाएको छ। यस घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

मध्यान्ह
www.madhyanhadaily.com
७ असोज २०८२ मंगलबार
23 September 2025 Tuesday

## सम्पादकीय

# हाँसी खुसी गन्तव्यमा पुगून् यात्रुहरू

यस वर्षको बडा दसैं सुरु भइसकेको छ । दसैं मनाउन दिनहुँ लाखौं मानिस उपत्यका छाडिरहेका छन् । तर मनसुन सकिएपछि पनि भइरहेको वर्षाले यात्रा असुरक्षित र अनिश्चित बनेको छ । यही साता मात्र मुग्लिन–नारायणगढ सडकखण्डमा पहिरोले झन्डै ४८ घण्टा यातायात अवरूद्ध हुन पुग्यो । हजारौं सवारीसाधन र यात्रुहरू बाटोमै अलपत्र परे । सडक विभागले आफ्नो सम्पूर्ण शक्ति लगाउँदा पनि छिटोछरितो पहिरो पन्छाउन सकेन । यात्रुहरूले सास्ती बेहोरेर यात्रा गर्नुपऱ्यो ।

नवनियुक्त भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले सडक यातायातलाई सुरक्षित र व्यवस्थित गर्न निर्देशन दिइसकेका छन् । काठमाडौंबाट बाहिरिने सवारीसाधनको चाप बढिरहेका बेला नागढुंगा सुरूङ मार्ग प्रयोगमा ल्याउने तयारीसमेत भइरहेको छ । त्यसले केही राहत मिले पनि निर्माणाधीन सडकको स्थितिले ढुक्क हुने स्थिति भने छैन । संघीय राजधानी जोड्ने सडक मात्र होइन, देशका अन्य मुख्य सडक खण्डमा पनि बेमौसमी वर्षाले क्षति पुऱ्याएको छ । ठाउँठाउँमा सडक अवरूद्ध भई यातायात प्रभावित भएको छ । सरकारले त्यस्ता सडकका अवरोध हटाई यथाशक्य छिटो मर्मत गरी सडक सञ्चालनको व्यवस्था मिलाउनुपर्छ । दसैंमा खुसी साट्न घर गइरहेका र फर्किने यात्रुले सुरक्षित यात्रा गर्न पाउनुपर्छ ।

त्यसो त, सडक मर्मतसम्भारको कार्य निरन्तर चलिरहन्छ । तर चाडबाडका बेला त्यसमा किन पनि विशेष ध्यान दिनुपर्छ भने यतिबेला दैनिक लाखौं यात्रु घर फर्किरहेका छन् । सवारी साधन र यात्रुको चापले अस्तव्यस्त सडकमा दुर्घटनाको जोखिम पनि उत्तिकै बढाउँछ । त्यसप्रति बेलैमा सावधानी अपनाउनु जरूरी छ । चाडबाडका बेला बर्सेनि ठुला दुर्घटना हुने गरेका छन् । त्यो जोखिमबाट जोगिन पनि पूर्वतयारीको खाँचो छ । मुग्लिन–नारायणगढ सडक खण्डको पहिरो हटाई दुईतर्फी सडक सञ्चालन गर्न ७२ घण्टा लाग्नुले हाम्रो सामर्थ्य देखाइसकेको छ । अतः सरकारले उच्च जोखिममा रहेका सडकमा हुन सक्ने अवरोध तत्काल हटाउन आपतकालीन टोली खटाउनुपर्छ । मौसमी प्रतिकूलताबीच सडक यातायातलाई भरपर्दो र सुरक्षित बनाउन आवश्यक योजना र तयारी बनाउनुपर्ने देखिन्छ । आमनागरिकले आशाका नजरले हेरेको वर्तमान अन्तरिम सरकारले त्यसतर्फ ध्यान देओस् । चाडबाड र पारिवारिक भेटघाटको खुसी र उमंगमा यात्रा गरिरहेका यात्रुहरू हाँसीखुसी गन्तव्यमा पुगून्, सकुशल फर्किऊन् ।

# विगतको समीक्षा र खोजिएको निकास

*मुलुक परिवर्तनमा बाह्य शक्ति सहायक मात्र हुन्, मुख्य जिम्मेवारी देशभित्रकै नेतृत्व र पार्टीहरूको हो ।*

अग्रलेख



● शेखर भट्टराई

नेपालमा २०४६ सालमा संयुक्त वाममोर्चा र नेपाली कांग्रेसको नेतृत्वमा जनआन्दोलन भयो । यस आन्दोलनको बलमा निरंकुश दलविहीन पञ्चायती व्यवस्था हटेर बहुदलीय प्रणालीको स्थापना भयो । सक्रिय राजतन्त्रको स्थानमा संवैधानिक राजतन्त्र आयो । तर समयक्रममा देशमा राजनीतिक अस्थिरता, भ्रष्टाचार, नातावाद, कृपावादजस्ता समस्याले जरो गाड्दै गए, जसको परिणाम स्वरूप जनअसन्तोष चुलिँदै गयो । यही जनअसन्तोषको पृष्ठभूमिमा २०५८ साल जेठ १९ गते दरबार हत्याकाण्ड भयो, जसमा तत्कालीन राजा वीरेन्द्र शाह र उनको परिवारको निर्मम हत्या गरियो । राजा वीरेन्द्र शाहको परिवारको निर्मम हत्यापछि चौतरिया ज्ञानेन्द्र शाहलाई राजा बनाइयो । व्यापारिक क्षेत्रका ज्ञानेन्द्रले राजगद्दी त लिए तर जनअसन्तोषको बहानामा पहिलोपटक निर्वाचित सरकारलाई हटाएर प्रधानमन्त्री पदका लागि आवेदन आह्वान गरे । त्यसको प्रतिक्रियामा दोस्रोपटक आफ्नै नेतृत्वमा सरकार गठन गरेर सक्रिय राजतन्त्रको पुनः सुरुवात गरे ।

२०५२ साल फागुन १ गतेबाट माओवादीहरूले जनयुद्धको घोषणा गर्दै देशभर संगठन विस्तार गर्दै थिए । पुराना दलहरूले जनभावना विपरीतका गतिविधि गर्दै गएको कारण, माओवादीको तुलनात्मक रूपमा क्रान्तिकारी नीतिले आममानिसलाई आकर्षित गऱ्यो । अन्य वामपन्थी कार्यकर्ताहरूले माओवादीहरूलाई सुरक्षाका दृष्टिले सहयोग गर्न थाले । यसले माओवादी संगठनको तीव्र विस्तारमा सहयोग पुऱ्यायो ।

उता, सक्रिय राजतन्त्र जनअसन्तोष सम्बोधन गर्न असफल भयो । यस्तो मौकामा २०६२ सालमा संसदवादी दलहरू (जसमा नेकपा (एमाले), कांग्रेससहित ७ दल थिए)ले आन्दोलनको सुरुवात गरे । प्रारम्भमा जनसहभागिता न्यून थियो । तर राजतन्त्रको ज्यादती र दलहरूको आत्मालोचनाले गर्दा जनसमर्थन क्रमशः बढ्दै गयो । माओवादीहरूले पनि यस आन्दोलनलाई समर्थन गरे, गाउँबाट जनपरिचालन गरे । अन्ततः आन्दोलन सफल भयो र ७ दल तथा माओवादीबीच विस्तृत शान्ति सम्झौता भयो ।

२०७६ सालमा संविधान सभाको निर्वाचन भयो । माओवादीले उल्लेखनीय सफलता प्राप्त गऱ्यो भने कांग्रेस र एमाले दोस्रो र तेस्रो स्थानमा रहे । संविधान सभामा दलीय खिचातानी, जातीय र क्षेत्रीय विभाजनकारी नाराहरूको कारण निर्धारित समयमा संविधान बन्न सकेन । त्यसैले दोस्रो संविधान सभा निर्वाचन २०७० सालमा गरियो । माओवादीले अवसरको सदुपयोग गर्न नसकेकाले नेपाली कांग्रेस पहिलो, एमाले दोस्रो र माओवादी तेस्रो स्थानमा झरे ।

विवादका बीचमा, भारतको असहमति हुँदाहुँदै पनि संविधान जारी गरियो । संविधान जारीपछि २०७४ सालमा आमनिर्वाचन भयो । जनताले एमाले, कांग्रेस र माओवादीलाई नै पुनः विश्वास प्रकट गरे । एमाले-माओवादी गठबन्धनले झन्डै दुई-तिहाइ बहुमत प्राप्त गऱ्यो । तर सत्ताको छिनाझपटी, आन्तरिक विवाद, भ्रष्टाचार, घुसखोरी, नातावाद, कृपावादजस्ता विकृतिहरूले गर्दा जनतामा फेरि निराशा पैदा भयो । २०७९ सालमा दोस्रोपटक आमनिर्वाचन भयो । कांग्रेस, माओवादी, समाजवादीलगायत दलहरूले गठबन्धन गरेर चुनाव लडे भने एमाले प्रायः एक्लै चुनावमा गयो । सिट संख्याको आधारमा कांग्रेस पहिलो, एमाले दोस्रो, माओवादी तेस्रो पार्टी भए । तर समानुपातिक मतको हिसाबले एमाले पहिलो रह्यो ।

यसबीचमा थुप्रै सरकार बने, पार्टीका महाधिवेशन र सम्मेलन भए । तर न राज्यबाट जनता सन्तुष्ट भए, न पार्टीभित्रका नेता-कार्यकर्ता । कर्मचारीतन्त्र, नागरिक समाज सबै असन्तुष्ट बने । प्रश्न उठ्छ- यसको कारण के हो ? समस्याको पहिचान नगरी समाधान सम्भव छैन ।




नेपालको संविधान २०७२ अनुसार ४० प्रतिशत सांसद समानुपातिक प्रणालीबाट हुने प्रावधानले गर्दा कुनै पनि दलले स्पष्ट बहुमत ल्याउन नसक्ने परिस्थिति बनेको छ । फलस्वरूप सधैं मिलीजुली सरकार बन्ने बाध्यता रहन्छ । यस्तो सरकार स्थिर रहन नसक्ने, सत्ताका लागि हानथाप भइरहने अवस्था बन्यो । राजनीतिक नेतृत्वमा सामन्तवादी सोच, सिद्धान्तहीन गठबन्धन, आन्तरिक गुटबन्दी, चाकडी संस्कृति र सैद्धान्तिक इमानदारीको उपेक्षा प्रमुख समस्याका रूपमा देखापरे । सरकार नेतृत्वमा दल र पात्र फेरिए पनि अपेक्षाकृत काम हुन सकेन । सत्ताको वरिपरिका चाकडीबाजीहरूले नेतृत्वको गुणगान गाउने, फोटो खिचेर सामाजिक सञ्जालमा प्रचार गर्ने, इमानदार कार्यकर्तालाई हेप्ने, जिम्मेवारीबाट विमुख गराउने प्रवृत्ति मौलायो । कर्मचारीतन्त्रमा भ्रष्टाचार संस्थागत बन्यो । पार्टी पंक्ति नेताको गुलामी गर्नमै तल्लीन भए ।

मार्क्सवाद-लेनिनवाद वा प्रजातान्त्रिक समाजवाद जस्ता विचार केवल जप्ने विषय मात्र बने । यथार्थमा सिद्धान्त र व्यवहारबीच तालमेल गर्न नसक्दा नेतृत्वप्रति विश्वास गुम्यो । स्थानीयदेखि केन्द्रसम्म चाकडी, लेनदेन, तस्करी, ठगी र आडम्बरी प्रवृत्तिको विकास भयो । इमानदार कार्यकर्ता किनारा भए । राम्रो कामको प्रचार गर्नेमध्ये कोही रहेनन् । उल्टो विकृति र विसंगतिहरूलाई व्यापक प्रचार गरियो, जसले पार्टीप्रतिको विश्वास घटायो । देशमा विदेशी हस्तक्षेप झन् गहिरिँदै गयो । भारतको विस्तारवादी रणनीति र युरोपियन युनियनको जातीय द्वन्द्व फैलाउने प्रयत्न सफल हुँदै गयो । गैरसरकारी संस्थाको आडमा वैचारिक प्रभाव विस्तार भयो । संविधान घोषणा भएदेखि नै बाह्य चलखेल सुरु भएको थियो, ती आन्तरिक कमजोरीमा खेल्दै सफल बने । सामाजिक सञ्जालको हावादारी पपुलिज्मले वातावरण बिगाऱ्यो । इमानदार युवाहरू सडकमा उत्रिए तर नेतृत्वविहीन आन्दोलनले दीर्घकालीन नीति दिन सकेन । देशप्रेमी युवाको भावना प्रयोग गर्ने दक्षिणको रणनीति सफल भयो ।

> *सरकार नेतृत्वमा दल र पात्र फेरिए पनि अपेक्षाकृत काम हुन सकेन । सत्ताको वरिपरिका चाकडीबाजहरूले नेतृत्वको गुणगान गाउने, फोटो खिचेर सामाजिक सञ्जालमा प्रचार गर्ने, इमानदार कार्यकर्तालाई हेप्ने, जिम्मेवारीबाट विमुख गराउने प्रवृत्ति मौलायो । कर्मचारीतन्त्रमा भ्रष्टाचार संस्थागत बन्यो । पार्टी पंक्ति नेताको गुलामी गर्नमै तल्लीन भए ।*

नेपालमा परिवर्तनको मूल स्रोत आन्तरिक सच्चाइ र आत्मालोचना हो । बाह्य शक्ति सहायक मात्र हुन्, मुख्य जिम्मेवारी देशभित्रकै नेतृत्व र पार्टीहरूको हो । कम्युनिस्ट पार्टीहरूले मार्क्सवादी-लेनिनवादी विचारअनुरूप व्यवहार गर्न सक्नुपर्छ । सिद्धान्त र व्यवहारमा सन्तुलन मिलाउँदै नेतृत्वले आफैं सच्चिनुपर्छ, नसक्नेले ठाउँ छाड्नुपर्छ । कार्यकर्तालाई प्रशिक्षण दिई इमानदार, निष्ठावान् कार्यकर्ताहरूलाई अगाडि ल्याउनुपर्छ ।

नेपाली कांग्रेसले बिपीको प्रजातान्त्रिक समाजवादलाई व्यवहारमा लागू गर्दै गए पुनः जनविश्वास प्राप्त गर्न सक्छ । केही समय हल्का लडे पनि उभिन सक्ने सामर्थ्य अझै छ, यदि नेतृत्व दृढ भयो भने । बदलाको भावना होइन, बदलिने सोचबाट मात्रै देश अगाडि बढ्न सक्छ । नेतृत्वको आत्मालोचना, जनउत्तरदायित्व र पारदर्शिता अबको अनिवार्य बाटो हो ।

## इतिहासमा आज

२३ सेप्टेम्बर २०२२ मा रुसले आफूले कब्जा गरेको युक्रेनका क्षेत्रलाई लिएर जनमत संग्रह गरेको थियो । जससँगै डोनेट्स्क, खेरसन, लुहान्स्क र जापोरिज्झिया ओब्लास्ट रुसले आफ्नो देशमा गाभेको घोषणा गरेको थियो ।



२३ सेप्टेम्बर २०२४ मा इजरायलले लेबनानमा हिजबुल्लाह लक्षित क्षेत्रविरुद्ध हवाई आक्रमण सुरु गरेको थियो । जसमा ४ सय ९० भन्दा बढी मानिसको मृत्यु भएको थियो ।



२३ सेप्टेम्बर २०१९ मा कथित जातिवादी घटनालाई लिएर पपुवा र पश्चिम पपुवामा भएको दुई दिनको दंगाको पहिलो दिनमा २० जनाको मृत्यु भएको थियो ।



२३ सेप्टेम्बर २०१० मा टेरेसा लुइस १९१२ पछि अमेरिकी राज्य भर्जिनियामा मृत्युदण्ड दिइने पहिलो महिला र घातक इन्जेक्सनद्वारा मृत्युदण्ड दिइने राज्यमा पहिलो महिला बनिन् ।



## सामाजिक सञ्जाल




**कृतिका थारू**

नेपाली जनतालाई नचिन्ने संविधान देशलाई चाहिएकै छैन । यो संविधान च्यातिनै पर्छ । यसले हत्यारा-तानाशाहलाई मात्र चिन्यो र उनीहरूकै वरिपरि घुमिरह्यो । देश खरानी हुँदा पनि प्रायश्चित्त नगर्ने, देशलाई ३६ वर्षदेखि लुट्ने यी लुटेराका कुकर्मको भरपाई गराउनु जरुरी छ ।



**समा थापा**

बिहान उठ्नेबित्तिकै राति नसुतुन्जेलसम्म बालकदेखि वृद्धसम्म सबैको चासो, चिन्ता र चिया गफ राजनीति मात्र हुन थाल्यो र देशमा संविधानमा के छ ? भनेर ज्ञान नहुनेहरू समेतले विज्ञता छाँट्न थाले भने बुझ्नुपर्छ, देशको हालत खराब बन्दै छ ।



**निलाम्बर आचार्य**

ठुला पार्टीविरुद्ध लक्षित घृणा अभियानविरुद्ध होसियार रहनु आवश्यक छ । त्यो लोकतन्त्र र गणतन्त्रविरोधी अभियानको अंगका रूपमा चलाइएको छ । जेनजी आन्दोलन लोकतन्त्र र गणतन्त्रभित्र परिवर्तनको आन्दोलन थियो, लोकतन्त्र र गणतन्त्रविरुद्ध होइन । समय संवेदनशील छ, होसियार रहौं ।




**विनोद न्यौपाने**

मन्त्री बन्नेदेखि सल्लाहकारसम्म फण्डितहरूको लर्को छ ! फण्डितहरू हुन् संघीयता हाल्दा, कुखुरीले तिम्रा घर सुनको फुल पार्छ भन्ने ! यिनका क्षमता, बौद्धिकता, ज्ञान र सिप मापन गरिसकेका छन् नेपालीले । यी दाताका र अन्तर्राष्ट्रिय अभिनेताका उद्देश्यमा काम गर्छन् । अर्को भड्खालोतिर मुलुक ।

# ‘जेनजी’ आन्दोलनको सन्देश

विचार



● प्रा. जनार्दन आचार्य

> *कतिपयले ‘जेनजी’ पुस्ताको यो आक्रोशपूर्ण प्रदर्शनलाई विदेशी शक्तिको उक्साहट भने पनि आफूले गरेका कुकृत्यको बचाउ गर्न बौद्धिक र भौतिक शक्ति खर्च गरेका छन् । भ्रष्टाचार, अन्याय, महँगीलगायतका समस्याले प्रताडित नागरिकको नजरबाट हेर्दा यो प्रदर्शन राजनीतिक आडमा हुने आर्थिक शोषण र सम्पूर्ण अन्यायको विरोधमा उठेको स्वाभाविक र इमानदार आवाज थियो । यी दुवै पक्षमा सरकारको नियन्त्रण नहुँदा देशले आजको दिन देख्नुपरेको हो ।*

केही दशकअघिसम्म सभ्य, शान्त र सुरक्षित भनेर चिनिएको नेपाल आज अस्तव्यस्त, असुरक्षित र दिशाविहीन अवस्थामा गुज्रिरहेको छ । यस्तो अवस्था एकै दिनमा सिर्जना भएको होइन । तर प्रश्न उठ्छ- देश यस्तो किन र कसरी बन्यो ? यसका पछाडि कोको थिए ? कुनकुन बाह्य वा आन्तरिक तत्वहरूको हात थियो ? यी प्रश्नहरूको साँचो जवाफ अझै जनतासामु आउन बाँकी छ । सत्य के हो भन्ने कुरा थाहा पाउन केही समय कुर्नुपर्नेछ । यस घटनालाई लिएर बुद्धिजीवी, कानुन व्यवसायी, सबै दलका भ्रातृसंघ तथा तिनका समर्थकहरूले आआफ्ना दृष्टिकोण सार्वजनिक गर्नेछन् ।

कतिपयले ‘जेनजी’ पुस्ताको यो आक्रोशपूर्ण प्रदर्शनलाई विदेशी शक्तिको उक्साहट भने पनि आफूले गरेका कुकृत्यको बचाउ गर्न बौद्धिक र भौतिक शक्ति खर्च गरेका छन् । भ्रष्टाचार, अन्याय, महँगीलगायतका समस्याले प्रताडित नागरिकको नजरबाट हेर्दा यो प्रदर्शन राजनीतिक आडमा हुने आर्थिक शोषण र सम्पूर्ण अन्यायको विरोधमा उठेको स्वाभाविक र इमानदार आवाज थियो । यी दुवै पक्षमा सरकारको नियन्त्रण नहुँदा देशले आजको दिन देख्नुपरेको हो । जेनजी पुस्ता यत्तिको रमाइलोका लागि सडकमा ओर्लिएका होइनन् ।

आजको पुस्ता (जेनजी) न त बेमतलबका विषयमा अल्झिने हो, न खोक्रा आदर्शको पछाडि लाग्ने । उनीहरू सबै निकायहरूबाट तथ्यपरक, परिणाममुखी र मर्यादित व्यवहारको अपेक्षा गर्छन् । उनीहरूलाई खाली आश्वासन, घमण्डपूर्ण अभिव्यक्ति र हेपाहा शैली किमार्थ स्वीकार्य छैन । जन्मदेखि मोबाइल, कम्प्युटर, ल्यापटप र इन्टरनेटसँगै हुर्केका यी युवा प्रविधिको प्रयोगबाट दुनियाँभरका सूचना सजिलै पाउँछन् र त्यसको आधारमा धारणा बनाउँछन् । देशमा भ्रष्टाचार, नातावाद, पदको लिलामी, विदेशी शक्तिप्रतिको अनावश्यक समर्पण र अत्यधिक राजनीतिकरण नै समस्याका जड हुन् भन्ने बुझ्ने युवा पुस्ता आज विद्रोही बनेको हो । शान्तिपूर्ण प्रदर्शनमा सरकारले गोलि चलाउने आदेश दिएपछि, राष्ट्रको भविष्य बोकेको पुस्तामाथि नृशंस हत्या भयो । त्यसपछि देश हिंसा, आगजनी, तोडफोड र अराजकतातर्फ उन्मुख भयो ।

यी प्रदर्शनकारीका माग कुनै नौला थिएनन् । तिनीहरू भ्रष्टाचार नियन्त्रण, सुशासन, दलीय भागबन्डाको अन्त्य, कानुनी जवाफदेहिता जस्ता माग थिए, जुन माग नेपाली जनताले विगतदेखि नै उठाउँदै आएका थिए । यिनै समस्याले दैनिक जीवनमा दुःख भोगिरहेका आमनागरिकका सन्तान, नाति-नातिनीहरू सडकमा ओर्लिएर आवाज उठाए ।

पछिल्लो तीन दशकमा प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र)लगायत दलका कार्यकर्ता, आसेपासे र प्रभावशाली भनिने बिचौलियाहरूले राज्यका स्रोत र साधन कब्जा गरेर देशलाई कंगाल बनाएका छन् । राजनीतिक दलभित्र इमानदार, विवेकशील र निःस्वार्थ कार्यकर्ता हराउँदै गएका छन् । आज चाकरी, चापलुसी र अनुशासनविहीन तत्व मौलाएका छन् । यस्तो प्रवृत्तिले नै दलहरूलाई नैतिकताविहीन बनाउँदै लगेको छ ।

भाद्र २३ को प्रदर्शनपछिका घटनाले लेखकलाई प्लेटोको प्रसिद्ध कृति ‘द रिपब्लिका’ को सम्झना दिलाउँछ । प्लेटो भन्छन्- लोकतन्त्रमा भीडको बोलबाला हुन्छ, जसको मान्यता भ्रान्तिपूर्ण हुन्छ । नैतिक मूल्य लोप हुन्छन्, घृणित व्यवहारलाई जागरुकता भनिन्छ, उच्छृंखलता स्वतन्त्रता ठानिन्छ र लाजको कमीलाई साहस मानिन्छ । अर्कोतर्फ, ‘जहाँ कानुन शक्तिहीन हुन्छ र व्यक्तिविशेषको दास बन्छ, त्यस्तो राज्यको पतन अवश्यम्भावी हुन्छ ।’ नेपालमा भएका आन्दोलनहरू २००७, २०३६, २०४६ र २०६२/६३ ले अपेक्षित सफलता नपाउनुको कारण यही हो कि हामीले । जसको गहिरो विश्लेषण र फलदायी संवाद गर्न सकेनौं ।

२७ घन्टाको पछिल्लो जनप्रदर्शनले मनपरीतन्त्रको प्रतीक सरकारको पतन गरायो । देशले नयाँ अनुहारहरू मन्त्रिपरिषद्मा देखेको छ । यी नयाँ अनुहारहरूबाट जनताले विवेकपूर्ण निर्णय, स्वच्छ आचरण र परिणाममुखी नेतृत्वको अपेक्षा गरेका छन् । जसले देशलाई संकटबाट उकास्न सकून् भन्ने शुभेच्छा व्यक्त गर्न सकिन्छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# सहरमा निःशुल्क इन्टरनेट, डोल्पासहित कर्णालीका दुर्गममा अझै छैनन् टेलिफोनका टावर

**पूर्ण सार्की/मध्यान्ह**
सुर्खेत, ६ असोज

